# आर्थिक वर्ष २०८२/०८३

# को

# नीति तथा कार्यक्रम

श्री मधुवन नगरपालिकाको १६औं नगरसभामा नगरप्रमुख

श्री तेजबहादुर भाटज्यूबाट प्रस्तुत

नीति तथा कार्यक्रम

२०८२

मधुवन नगरपालिकाको १६औं नगरसभामा उपस्थित नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, मधुवन नगरपालिकाका सल्लाहकारज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु तथा पत्रकारज्यूहरु ।

मधुवन नगरपालिकाको यस महत्वपूर्ण नगरसभामा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । लोकतान्त्रिक गणतन्त्र प्राप्तिको यात्रामा भएका सबैखाले क्रान्ती र आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । विभिन्न समयमा परिवर्तनका लागि भएका आन्दोलनमा अमूल्य योगदान गर्नुहुने सम्पूर्ण दिदिबहिनी र दाजुभाई प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

मधुवन नगरपालिकाको गठनमा आफ्नो अमूल्य योगदान दिनुहुने सम्पूर्ण साथीहरुलाई उच्च कदरका साथ सम्झन चाहन्छु ।

**"पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार**

**मधुवन नगरपालिका विकासको मूल आधार"**

भन्ने नाराकासाथ अघि बढेको यस नगरपालिकाको नगरसभामा नगरप्रमुखको रुपमा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसी महसुस गरेको छु ।

सभाका सभासदस्यज्यूहरु,

स्रोतको सिमित उपलब्धता र नागरिकको असिमित आवश्यकता एवम् विकासको उच्च आकांक्षाको बीचमा सन्तुलन कायम गर्दै आकस्मिक रुपमा आईपर्ने आपदा र व्यवस्थित पूर्वतयारी, उत्थानशिलता, संवैधानिक सीमा र व्यवहारिक कठिनाईका बीच तालमेल मिलाउँदै अगाडी बढ्नु परेको छ ।

देश बाहिर रहेर पनि नगरपीलका र देशको बारेमा निरन्तर चिन्तन गर्ने र चासो राख्ने सम्पूर्ण प्रवासी दिदिबहिनी तथा दाजुभाई प्रति अभार प्रकट गर्न चाहन्छु ।

**सभासदस्यज्यूहरु,**

हामी २०७९ सालमा निर्वाचित भएर आउँदा नगरपालिका सामु छाडा पशु चौपाया, बाल बिवाह, लागुऔषध र दुर्व्यसनी, वन्यजन्तुको घातक आतंक प्रमुख चुनौतीका रुपमा थिए । हाल आएर आत्महत्याको संख्यामा डरलाग्दो वृद्धि चुनौतीको रुपमा समेत थपिएको छ ।

तर खुसीको कुरा के छ भने हामीले ३ वटा वडालाई बाल बिवाह मुक्त वडा घोषण गरिसकेका छौ भने छाडा गाईवस्तुको व्यवस्थापनमा नगरपालिकाले उल्लेख्य प्रगति हासिल गरेको छ ।

दिगो विकासका लक्ष्यहरु, नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले लिएको लक्ष्यका साथै स्थानीय माग र आवश्यकतालाई मध्यनजर गरी घोषणा गरेका रणनीति र प्रतिबद्धतालाई समेत आधार मान्दै आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमका थप प्राथमिकताहरु देहाय बमोजिम हुनेछन् ।

- शिक्षा, स्वास्थ्य र कृषिलाई नगर विकासको पहिलो मेरुदण्डको रुपमा लिइनेछ ।
- सुशासन र संस्थागत विकासमा जोड दिईनेछ ।
- बहुवर्षीय र क्रमागत योजनाहरु, नगरका गौरवका योजनाहरु र अन्य आवश्यक पूर्वाधार निर्माणमा जोड दिईनेछ ।
- सहकारी, पर्यटन र उद्योग व्यापारको विकास र करदातामैत्री राजस्व प्रशासनलाई जोड दिईनेछ ।
- वातावरण संरक्षण, पर्यावरणीय प्रवर्धन र जलवायु उत्थानशिलतालाई जोड दिईनेछ ।
- जनजीविकासँग जोडिने कार्यक्रमलाई प्राथमिकता प्रदान गरिनेछ ।

सभासदस्यज्यूहरु,

अब म आगामी आर्थिक वर्षको लागि नगरपालिकाले लिने क्षेत्रगत नीतिहरु प्रस्तुत  गर्न चाहान्छु ।

(क) **आर्थिक विकास**

**कृषि विकासतर्फ**

**कृषि क्षेत्रमा सुधार गरी उत्पादन र उत्पादकत्व बढाई नागरिकको जीवन स्तर उठाउनुका साथै समग्र कृषि क्षेत्रको  विकास गर्न देहायका नीतिहरु अवलम्बन गरिनेछ ।**

- कृषिमा लागत मुल्य घटाउन कृषि यान्त्रीकरणका कार्यकम सञ्चालन गरिनेछ ।
- किसानले उत्पादन गरेका बाली वस्तुको सहजै बजारीकरण गर्न किसान, व्यापारी र उपभोक्ता बीच सहज पहुँचका लागी डिजिटल एप्सको विकास गरिनेछ ।
- बालीनालीमा आइपर्ने विभिन्न समस्याहरुको समयमा नै समाधान गर्न आकस्मिक बाली उपचार शिविर सञ्चालन गरिनेछ ।
- किसानलाई व्यवसायिक पोष्टहार्भेष्ट तालिम, विषादीको मात्रा, प्रयोग, असर तथा प्रभाव न्यूनीकरण सम्बन्धी तालिम प्रदान गरी नविन प्रविधि अनुसरणका लागी कृषि सम्बन्धी  अनुसन्धान कार्य अगाडी बढाइनेछ  ।
- प्राविधिक सेवालाई निःशुल्क रुपमा हरेक कृषकको खेतबारीमा पुग्ने व्यवस्था मिलाईनेछ ।
- जलवायु मैत्री कृषि प्रणालीमा जोड दिँदै स्थानीय सम्भाव्यता, किसानको तत्परता र लगनशीलता एवं माटोको उर्वरा शक्ति समेतको परीक्षण गरी उपयुक्त देखिएको क्षेत्रहरुमा कृषि विज्ञको

सुझावका आधारमा धान, मकै, गहुँ, तोरी, मसुरो, मसला, दलहन बालीहरुका साथै तरकारी बालीहरुको हकमा पकेट क्षेत्र बनाई कृषिमा आत्मनिर्भर कार्यक्रम संचालन गरिनेछ ।

- बबई सिचाई आयोजना मार्फत सिचाई सुविधा पुगे नपुगेका क्षेत्रको सिचाँई नकसांकन गरी सिचाँई सुविधा नपुगेका र नपुग्ने कृषि क्षेत्रहरुमा साना सिचाई (साना बोरिङ, पम्पसेट) कार्यक्रम गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- किसानलाई आफ्नो जमिनको माटोको परीक्षण गराई सोको यथार्थ विवरण तथा प्राविधिक भिजिट रेकर्ड समेत देखिने गरी किसान कार्डको व्यवस्था गरिनेछ ।
- हरियो मल, कम्पोष्ट मल, गड्यौले मल र गोबर मल जस्ता मलहरु उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरी रासायनिक मल प्रतिको परनिर्भरता कम गर्ने प्रयास गरिनेछ ।
- माटो परिक्षण गर्न कृषि ल्याबको क्षमता बढाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- मकैको व्यावसायिक हब निर्माण गर्न विभिन्न सरोकारवाला निकायसँगको सहकार्यमा नगरस्तरीय मकै सञ्जाल गठन गरी मकै उत्पादनका लागि मकै बाली विकास कार्यक्रम ल्याइनेछ ।
- बिउ उत्पादन गर्ने सहकारीहरुलाई प्रोत्साहन गरिनेछ ।
- मधुवन नगरपालिकाभित्र उपयूक्त क्षेत्रमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीको खरिद तथा बिक्री केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेका विभिन्न पकेट क्षेत्र, जोन तथा सुपर जोनहरुको प्रर्वद्धन गरिनेछ ।
- किसानलाई खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य प्रत्याभुती गर्न सहकारी मार्फत कृषि उपज खरिद गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**पशुपन्छी विकासतर्फ**

- पशुपालक कृषक समुह दर्ता तथा फर्म दर्ता गरेका कृषकलाई नगरपालिकाबाट हुने पशु विकास कार्यक्रममा विशेष प्राथामिकता दिईनेछ ।
- संघ, प्रदेश अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्यमा विभिन्न अनुसन्धानात्मक गतिविधि गरिनेछ ।
- नगरको स्रोत र साधनको परिचालन गरी पशुपालनमा उत्पादकत्व वृद्धि तथा उत्पादन लागत घटाउनका लागि यान्त्रीकरणमा आधारित पशुपालनलाई प्राथमिकता दिदै पशुधनको बीमा गर्ने कार्यमा प्रोत्साहन गरिनेछ ।
- पशुपालन व्यवसायलाई क्रमशः यान्त्रीकरण तथा व्यवसायिकरण गर्दै पशुजन्य पदार्थको उत्पादनमा आत्मनिर्भर भई उत्पादन र रोजगारको थप वृद्धि गरी गरिबी न्युनिकरणमा टेवा पुऱ्याइनेछ ।
- पशु नश्लसुधार अन्तर्गत कृतिम गर्भाधान कार्यक्रमबाट दुध उत्पादनमा वृद्धि गर्नका लागि यस नगर क्षेत्रमा गाई भैसीमा कृतिम गर्भाधान सेवालाई निरन्तरता दिईनेछ ।

- दुध उत्पादनमा ह्रास ल्याउने खोरेत, भ्यागुते जस्ता संक्रामकजन्य रोगहरुबाट पशुधनको क्षति नहोस भनि हरेक बर्ष उक्त रोगहरु विरुद्ध निःशुल्क खोपकार्यलाई प्रादेशिक निकायहरुको सहकार्यमा अघि बढाइनेछ ।
- पशुवस्तुमा आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
- पशु आहारामा सुधार गर्न तथा उत्पादन लागत कम गराउन मिनरल ब्लक तथा दाना बनाउने कार्यलाई प्रवर्धन गरिनेछ ।
- उन्नत घाँस खेतीको क्षेत्रफल विस्तार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- दुध संकलकले अनिवार्य रुपमा दुध नाप्ने होइन जोख्ने गर्नु पर्नेछ साथै मिल्क एनालाइजरको व्यवस्था गर्नुपर्नेछ ।
- प्रदेश सरकारसँग सहकार्य गरी छाडा गाईको व्यवसायिक पालन र व्यवस्थापन गरिनेछ ।
- नगर भित्रका पशु वधशालाको नियमन गरिनेछ ।

### सहकारीतर्फ

- दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सार्वजनिक निजी सहकारी क्षेत्रको सहकार्यमा जोड दिईनेछ ।
- राष्ट्रिय रूपमा सहकारीहरूमा देखिएको समस्यालाई मध्यनजर गर्दै नगरभित्र क्रियाशील सहकारी संस्थाहरू एकआपसमा गाभिनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- सहकारी शिक्षा तथा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरी उत्पादनमुलक तथा श्रममा आधारित सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ । स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्कलाई व्यवस्थित गरी अध्ययन, अनुसन्धान र विश्लेषण गरिनेछ । साथै सोको आधारमा सहकारी सम्बन्धी आवश्यक कानूनको तर्जूमा तथा प्रारम्भिक संस्थाका लागि नमुना कानून तर्जुमा गरी तिनको कार्यान्वयन तथा नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- सहकारी संस्थाले आफ्नो मुनाफाको कम्तीमा १० प्रतिशत कृषि यान्त्रिकरणमा खर्च गर्नुपर्ने नीति लिइनेछ ।

### श्रम तथा रोजगार तर्फ

- नगरपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउनका लागि श्रममा आधारित आयोजना सञ्चालन गर्ने र सामाजिक सुरक्षाको प्रत्याभूति गराईनेछ ।
- आन्तरिक रोजगारी प्रर्वधन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई व्यवसायिक तालिम दिइनेछ ।

- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ ।
- नगरमा रहेका बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक गर्दै रोजगारदाता तथा बेरोजगारको विस्तृत विवरण संकलन गरी श्रम सूचना बैंक स्थापना गरिनेछ ।
- पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिमा गरिरहेको सहजीकरणलाई निरन्तरता दिइनेछ ।
- बैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक सहायता, छात्रवृत्ति लगायत सहायता कार्यक्रमलाई सहजीकरण गरिनेछ ।

## लघुउद्यमतर्फ

- लघुउद्यम विकासको मोडल अवलम्वन गरी लघु, घरेलु तथा साना उद्यमको विकासमा ध्यान दिइनेछ ।
- यस नगरपालिकाको सहयोगमा स्थापित उद्यमीहरुको दीगो व्यवसाय विकासको लागि बजारीकरण सहुलियत कर्जा एवम् प्रविधिमा आवश्यक सहयोग गरिनेछ ।
- नगरपालिका अन्तर्गत रहेका उद्यमशीलता तथा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- उद्यमी सिर्जना र विकास गर्दा नवप्रवर्तन र सिर्जनशिलतालाई विशेष ध्यान दिइनेछ ।
- यस नगरपालिकाभित्र रहेको विद्यालय र क्याम्पसमा उद्यमशिलता शिक्षालाई समावेश गरिनेछ ।

सभासदस्यज्यूहरु,

**(ख) सामाजिक विकास**

**शिक्षा तर्फ**

- पुर्व प्राथमिक तह र प्राथमिक तहमा अध्ययनरत बालबालिकाको सिकाईलाई प्रभावकारी बनाउन पुर्व प्राथमिक तह र प्राथमिक तह सुधार अभियान सञ्चालन गरिनेछ ।
- बालविकासका सहजकर्ताहरुलाई मन्टेश्वरी तालिम र प्राथमिक तहका शिक्षकहरुलाई स्थानीय शैक्षिक सामाग्री निर्माण एवं बालमनोविज्ञान परामर्श उपलब्ध गराइनेछ ।

- विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र कर्मचारीहरुको विद्यालयमा नै प्राथमिक स्वास्थ्य परीक्षण गर्ने नीति लिइनेछ ।
- विद्यालयमा हरियाली प्रवर्द्धन गर्न विद्यालय पूर्वाधार निर्माण गर्दा ध्यान दिइनेछ । हरित विद्यालय कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागू गरिनेछ ।
- माध्यमिक तहसम्मका छात्राहरुको लागि नगरपालिकाबाट निशुल्क स्यानिटेरी प्याडको व्यवस्था गरी वितरण गरिनेछ ।
- गणित विज्ञान जस्ता विषयहरुको औषत सिकाई उपलब्धी वृद्धिको लागि विशेष योजना ल्याईनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउनका लागि कार्यक्रम अगाडी बढाइनेछ ।
- विषयगत अध्ययनलाई थप रुचिकर बनाउन विद्यालयमा विषयगत प्रयोगशाला स्थापना गर्ने कार्यलाई क्रमश कार्यान्वयन गरिनेछ ।
- शिक्षकको माग अनुसार विषयगत समितिमार्फत शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- संस्थागत विद्यालयको व्यवस्थापन तथा सञ्चालन प्रभावकारी बनाउने नीतिगत प्रबन्ध तथा सघन नियमन गरिनेछ ।
- छात्रवृत्ति र पाठ्यपुस्तकको उपयुक्त व्यवस्थापन र विद्यालयमा निशुल्क इन्टरनेटको व्यवस्था गरिनेछ साथै आधारभूत तह सम्मका विद्यालयका विद्यार्थीहरुलाई टिकाई राख्न पोषण युक्त दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- अध्ययनको क्रममा विचमै कक्षा छाड्ने विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययन गर्नका लागि प्राविधिक सिपमुलक तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि वैकल्पिक सिकाई सहजीकरण पद्दति अवलम्बन गरिनेछ ।
- विद्यालयहरुको नियमित तथा प्रभावकारी अनुगमन र व्यवस्थापनको सुनिश्चितता गर्दै गुणस्तरीय शिक्षालाई प्रवर्धन गरिनेछ ।
- स्थानीय पाठ्यपुस्तक निर्माण कार्य सम्पन्न गरिनेछ ।
- नगर प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई अगाडि बढाईनेछ ।
- अभिभावक शिक्षा कार्यक्रमलाई बस्ती स्तरसम्म बिस्तार गरिनेछ ।
- स्काउट, सेवादल, रेडक्रस, बाल क्लब तथा इको क्लब लगायतका उपकरणको माध्यमबाट बाल नेतृत्व विकासलाई बढावा दिईनेछ ।
- छात्राबास संचालन रहेका विद्यालयमा बायोग्याँस जडान गरिनेछ ।
- सनातन बैदिक शिक्षाको जर्गेना गर्न उपयूक्त स्थानमा गुरुकुल शिक्षाको प्रवन्ध गरिनेछ ।

- विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधीलाई कार्यान्वयन गरिनेछ । यस आर्थिक वर्षमा थप ३ वटा विद्यालय ने.रा.नमुना मा.वि ढोढरी, गुराँस नमुना मा.वि. सानोश्री, ने.रा.मा.वि. पूर्णपुरलाई तिन तारा विद्यालय घोषणा गरिनेछ ।
- अवकास प्राप्त शिक्षकहरुको ज्ञान, सिप, क्षमता तथा अनुभवलाई नगरपालिकाको हितमा उच्चतम रुपमा उपयोग गर्न पूर्व शिक्षक मञ्च गठन गरिनेछ ।
- नगर भित्रका असहाय टुहुरा बालबालिकाको लागि गास, बास र कपास सहितको निशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।
- विद्यार्थी शिक्षक अनुपात, विद्यार्थी टिकाउदर, विद्यार्थी भर्नादरका आधारमा नगर स्वयमसेवक शिक्षक तथा विद्यालय कर्मचारीहरुको व्यवस्थापन गरिनेछ । पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक अनुकुल हुने गरी नगरपालिकाको स्रोत तथा क्षमताका आधारमा क्रमश समायोजन गर्ने नीति लिइनेछ ।
- विद्यार्थी संख्याका आधारमा विद्यालय गाभ्ने नीति लिईनेछ ।
- शिकाइ क्रियाकलापमा वृद्धि, गुणस्तरीय शिक्षा तथा ज्ञानमा आधारित शिक्षा मार्फत मानव पुँजी निर्माण गरी राष्ट्रिय पुँजी निर्माणमा योगदान गर्न बृहत्तर नगर शैक्षिक योजना तयार गरी लागू गरिनेछ ।
- यस नगरपालिकाभित्र रहेको एकमात्र क्याम्पस गुँरास बहुमुखी क्याम्पससँग MoU गरी आवश्यक सहयोग आदान प्रदान गरिनेछ ।

**युवा तथा खेलकूद तर्फ**

- शिक्षा युवा तथा खेलकुद विकास शाखा मार्फत सरोकारवालाहरुको समन्वयमा विभिन्न खेलकुद कार्यक्रमहरु संञ्चालन गरिनेछ । नगरका खेलकुद कार्यक्रमहरुलाई एकद्वार प्रणालीबाट समन्वयात्मक रुपमा नगर खेलकुद विकास समिति मार्फत संचालन गरिनेछ ।
- वडाहरु मार्फत संचालन गरिने खेलकुद कार्यक्रमहरुलाई वडा स्तरीय खेलकुद विकास समिति मार्फत एकद्वार प्रणालीबाट संचालन गरिनेछ ।
- खेलकुद क्षेत्रमा युवाहरूलाई आकर्षण गरी विभिन्न विधाका खेलहरूको प्रभावकारी टिम तयार गरी प्रतियोगिताहरूमा सहभागी गराउदै महिला खेलाडीहरूलाई थप प्रोत्साहन गरिनेछ साथै प्रतिभाशाली खेलाडीहरुलाई उच्चस्तरीय प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।
- नगर भित्र क्रियाशिल खेलकुद क्लबहरुलाई नगरमा दर्ता गराई व्यवस्थित गरिनेछ साथै विद्यालय स्तरीय खेलकुद प्रतियोगितालाई प्राथमिकतामा राखी संचालन गरिनेछ ।
- धूम्रपान, मद्यपान, लागू औषध, दुर्व्यसनी न्युनीकरण गरी नगर निर्माणमा युवाहरुको सहभागितामा बिशेष जोड दिन सचेतनाका कार्यक्रमहरु अगाडी बढाइनेछ ।

स्वास्थ्य तर्फ

- सबै जनतालाई निशुल्क खोप कार्यक्रम प्राथमिकताका साथ अगाडी बढाई पूर्ण खोप सुनिश्चित नगरपालिकाको दिगोपनालाई कायम राखिनेछ ।
- महामारी तथा अन्य संक्रामक रोग न्यूनीकरण कार्यक्रमलाई उच्च प्राथमिकता दिई यसको रोकथाम, नियन्त्रण, पूर्व तयारी र प्रतिकार्यको व्यवस्था गर्दै औषधी, औषधिजन्य सामग्री तथा सुरक्षा सामग्रीको सहज आपूर्ति र भण्डारणको व्यवस्था गरी जनतालाई सुरक्षित राखिनेछ ।
- मधुवन नगर अस्पतालबाट दिँदै आएको सेवा विस्तार गर्दै स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- मधुवन नगरपालिकाको आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटी उपशाखा मधुवन (ख) को समन्वयमा संचालित ब्लड बैंकमा कार्यरत जनशक्तिलाई नगर अस्पतालमा आन्तरीकरण गरी रक्त संचार सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- संस्थागत सुत्केरी बढाउन तथा आमा र बच्चाको मृत्युदर घटाउन बर्थिङ सेन्टरमा आवासगृह, उपकरण लगायत आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।
- यस मधुवन नगरपालिकामा रहेका सरकारी स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलाहरुको लागि **सुत्केरी आमा पोषिलो खाना** कार्यक्रम सञ्चालन गरिनेछ ।
- ७० वर्षभन्दा माथिका नागरिक, असक्त र अपाङ्गहरूको लागि घर दैलो स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको लागि दक्षता अभिवृद्धि तथा उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका उत्प्रेरणाका लागि नगरबाट एकीकृत रुपमा प्रोत्साहन उपलब्ध गराइनेछ ।
- स्वास्थ्य सेवा र संरचनालाई लैङ्गिक मैत्री, ज्येष्ठ नागरिक मैत्री र अपाङ्ग मैत्री बनाइने छ ।
- निजी स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रुपमा संञ्चालित स्वास्थ्य संस्था र क्लिनिकहरु बन्द गराईनेछ ।
- स्वास्थ्य शिक्षा कार्यक्रम विद्यालय र समुदायसँग सहकार्य गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्दै लगिनेछ ।
- स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको समुदायका टोल बस्तिहरुमा बिशेषज्ञ स्वास्थ्य शिबिरहरु लगायत घुम्ति शिबिरहरु संचालन गरिनेछन् ।
- स्त्री रोग, छालारोग, मधुमेह, रक्तचाप, अपांगता जस्ता समस्यावाट पीडित व्यक्तिहरुको सुविधाका लागि स्क्रिनिङ्ग तथा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

- आयुर्वेद औषधालयबाट आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउदै निःशुल्क आयुर्वेद औषधि उपलब्ध गराइने छ ।
- योग तथा प्राकृतिक चिकित्सा प्रवर्धन कार्यक्रम अगाडी बढाइनेछ ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षाका माध्यामबाट विद्यार्थीहरु तथा शिक्षकहरुलाई आयुर्वेद तथा योग मार्फत स्वस्थ जिवनयापन गर्न कार्यक्रम संन्चालन गरिनेछ ।
- स्वस्थ जीवनशैली लागि नागरिक आरोग्य कार्यक्रम संचालन गर्दै ध्यान, योग र आयुर्वेद सेवालाई प्राथमिकता दिइनेछ ।
- नेपाल सरकारको  नीति अनुसार २०८७ सम्म सबै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री र पोषण मैत्री बनाउने नीतिलाई अबलम्वन गरिनेछ ।
- बिशेष गरी थारु समुदायमा देखिने सिकलसेल एनेमियाका बिरामिको परिक्षण, औषधी उपचार  र जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- संघिय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसंग तामेमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरी सर्वव्यापी पहुचको अवधारणा अनुसार नगरबासीलाई निशुल्क आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति व्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थामा eHMIS  अनलाईन माध्यामबाट रेकर्डिङ्ग र प्रतिबेदन गर्ने ब्यबस्थालाई  बिस्तार गरिनेछ ।
- स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन  बिभिन्न स्थानीय, राष्ट्रिय, तथा अन्तराष्ट्रिय संघ, संस्थाहरुसँग समन्वय र साझेदारी गरी स्वास्थ्य क्षेत्रमा श्रोतको व्यवस्थापन गर्न पहल गरिनेछ ।
- क्षयरोग मुक्त मधुवन बनाउने नितिलाई अवलम्बन गर्दे लगिनेछ  ।
- गरिब तथा बिपन्न बर्गका लागी निशुल्क स्वास्थ्य बिमा कार्यक्रमका लागि कार्यविधि बनाई लागू गरिनेछ ।
- किशोर किशोरी परामर्शका साथै पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप कार्यक्रम संचालन गरिनेछ ।
- सरसफाई उन्मुख टोल, वडा तथा नगर बनाउनका लागी टोल बिकास समिति गठन गरी क्षमता अभिबृद्धि गर्दै पुर्ण सरसफाई युक्त  टोल, वडा र नगर घोषणाको नीतिलाई अबलम्वन गरिनेछ ।
- खानेपानी तथा सरसफाई नितिलाई अबलम्वन गर्दै नगरबासीलाई सुरक्षित खानेपानीको सुनिश्चितता गरिनेछ साथै खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमलाई अनलाईन पद्धतिमा लगिनेछ ।

**बहुक्षेत्रीय पोषण तर्फ**

- पोषणमैत्री नगर निर्माणको अवधारणा स्वरुप आगामी आर्थिक वर्षमा पोषणमैत्री वार्ड निर्माण गर्दै पोषणमैत्री नगर निर्माणको लागि आधार तयार गरीनेछ ।
- सुनौलो हजार दिन सरह गर्भ धारण अघिको १०० दिनको लागि जीवनशैली र अहार व्यवस्थापन र भान्सा सुधार कार्यक्रम संचालन गरिनेछ ।
- बाल स्वास्थ्य र मातृशिशु स्वास्थ्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन सबै वडामा "सुनौलो हजार दिन" कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक विपन्न सुनौलो हजार दिनका महिलाहरु (गर्भवती तथा सुत्केरी), किशोरी र वालवालिकाहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै कुपोषण न्यूनीकरणका साथै सामाजिक रुपान्तरणका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई नगरको साझेदारीमा थप प्रभावकारी बनाईनेछ ।
- नगरभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा संचालनमा रहेकका चमेनागृहलाई पोषण सम्वन्धी तालिम प्रदान गर्दै पोषणयुक्त खाद्य वस्तु मात्र प्रयोग गर्न अभिप्रेरित गरिनेछ ।
- पोषण शिक्षाको सुधारका लागि स्थानीय पाठ्यक्रममा पोषण सम्बन्धी विषयवस्तु समावेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउनुका साथै पोषण शिक्षाको विकास गर्ने नीति लिइनेछ ।

**महिला बालिबालिका तथा ज्येष्ठ नागरिक तर्फ**

- ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रम अगाडी वढाउँदै उहाँहरुको ज्ञान, सीप, क्षमतालाई नगरको वृहत्तर हितमा उपयोग गर्ने नीति लिईनेछ ।
- नगरपालिकाको समग्र मानवस्रोतको विकासको लागि मधुवन नगरपालिकाबाट बालवालिकालाई शिक्षा, स्वास्थ्य र पोषण, युवालाई सीप, उद्यमशिलता, रोजगारी र ज्येष्ठ नागरिकलाई सम्मान, संरक्षण र सुरक्षाको प्रत्याभूति हुनेगरी कार्यक्रम अगाडी बढाईनेछ ।
- वालश्रम, बालविवाह, यौन शोषणजस्ता जघन्य अपराधबाट नगरलाई मुक्त राख्नका लागि बाबु आमालाई सचेत गराई न्यून आय हुने बाबुआमालाई स्वरोजगार हुन सहयोग पुऱ्याउन पहल गरिनेछ ।
- नगरको हरेक क्षेत्रमा बालमैत्री शासन प्रणालीको प्रवर्धन गर्दै बालमैत्री र बाल बिबाह मुक्त नगर घोषणा गर्ने कार्यक्रमलाइ अगाडी बढाईनेछ ।
- बालबालिका हराउने, बेवारिसे फेला पर्ने, बेचबिखन तथा ओसारपसारमा पर्ने हिंसा, दुर्व्यवहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणका लागि सुरक्षा निकायहरुसंगको सहकार्यमा बिशेष सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- बालक्लब तथा बालक्लव संजालहरुको क्षमता विकास, आबद्धता, दर्ता नविकरण तथा बालबालिकाको क्षमता विकास गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

- लैङ्गिक समानता र महिला सशक्तीकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नीति निर्माणतहमा महिलाको अर्थपूर्ण सहभागीता तथा प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिइनेछ ।
- मुक्तकमैया, कमलरी, सुकुम्बासी, अपांग तथा घरेलु हिंसा पिडितहरुलाई आर्थिक रुपले सशक्त पार्न बिशेष कार्यक्रम संचालन गरिनेछ ।
- द्वन्द पिडितहरुको पहिचान गरी उच्च सम्मान गर्दै अभिलेखीकरण, स्मृती, पुर्नमिलन र आय आर्जनको कार्यक्रम संचालन गर्न गैरसरकारी संस्थाहरुसंग साझेदारी गरिनेछ ।
- समाजमा विद्यमान महिला तथा बालबालिका माथि हुने गरेका शारीरिक तथा मानसिक हिंसा, बलात्कार बोक्सी प्रथा, श्रम शोषण लगायत आर्थिक सामाजिक एवं राजनैतिक शोषण जस्ता कुरीति विरुद्धमा नगरबासी महिलालाई सचेत बनाउँदै सामाजिक कुरीति विरुद्धको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- लैङ्गिक उत्तरदायी योजना तथा बजेटलाई लैङ्गिक उत्तरदायी र समावेशी बजेट परिक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको आर्थिक तथा वित्तीय स्रोतमा पहुँच अभिवृद्धि गरिनेछ ।
- **महिला उद्यमशिल कार्यक्रम** अन्तर्गत महिलाहरुको रोजगारी, वित्तीय पहुँच र सम्पत्ति माथिको नियन्त्रण र स्वामित्वमा सहजिकरण गर्दै महिला सशक्तिकरण गर्नको लागि जिविकोपार्जन सुधारका कार्यक्रमहरु संचालनमा निरन्तरता दिइनेछ ।
- मधुवन नगरपालिकामा बढ्दो आत्महत्याको घटना पूर्ण रुपमा हटाउन विशेष रुपमा आत्महत्या न्यूनीकरण परियोजना संचालन गरिनेछ ।
- स्थानीय सरकार, प्रहरी, प्रशासन, विद्यालय, नागरिक समाज र संघसंस्थाको एकिकृत पहलमा लागुऔषधको प्रयोग र ओसारपसारलाई निर्मुल गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।
- नगर क्षेत्रभित्र घरदेखी घाटसम्म निशुल्क शव वहन संचालन गरिनेछ ।
- नगर युवा संसद कार्यक्रम गरिनेछ ।
- महिला र बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्नको लागि उपमेयरसँग महिला तथा बालबालिकाहरुको अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाले निशुल्क रुपमा उपलब्ध गराउदै आएको अपाङ्ग जीवन उपयोगी सहयोग सामाग्री तथा कृतिम अंग दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## पर्यटन तथा संस्कृती

- विश्वको १०० पर्यटकीय गन्तव्यभित्र रहेको मधुवन १ स्थित बुह्मान पर्यटकीय क्षेत्रलाई सम्वर्धन तथा प्रवर्धन गरी पर्यटकीय क्षेत्र संवाहकको रुपमा विकास गरिनेछ ।
- मधुवन नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न पिकनिक स्थलहरुको सुदृढीकरण गरी आन्तरिक आय वृद्धि गराउनका साथै आन्तरिक पर्यटनको केन्द्रका रुपमा विकास गरिनेछ ।

- ऐतिहासिक नेपालको पहिलो रेल्वे लाइन जुन भारतको निसानगाडाबाट सुरु भई मधुवन, माचड, गमक्का, वनराज, बसन्ता हुँदै ठाकुरबाबाको खैर भट्टीसम्म संचालित ३५ कि.मि. लामो रेल मार्ग मधुवनको मात्र नभएर नेपालकै इतिहास हो । सो रेल्वे मार्गलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न आवश्यक सोध खोजका कार्यहरु गरिनेछ ।
- राष्ट्रगुरु योगी नरहरीनाथद्वारा स्थापित कोठियाघाटमा रहेको ओमकारेश्वर शिव पंचायन मन्दिर, उत्तर कौशल धार्मिक वन बाटिका तथा कोटीहोम क्षेत्रको विकासको योजनाको कार्यान्वयन गरिनेछ ।
- मधुवन नगरस्तरीय नेपाली लोक संगीत संग्रहालयको स्थापना गर्नुका साथै थारु लोक कथाहरुको संकलन गरी संस्कृति क्यालेन्डर निर्माण गरिनेछ ।
- यस नगरपालिका भित्र बसोबास गर्ने गुरुङ, मगर, तामांग, नेवार, राजी, कुमाल लगायतका विभिन्न समुदायको लगत संकलन गरि भाषा संस्कृति जगेर्ना गर्न उक्त समुदायको परामर्शमा कार्य गरिनुका साथै लक्षित कार्यक्रमहरु मार्फत आवश्यक सहयोग गरिनेछ ।
- प्राकृतिक तालतलैया, सिमसार क्षेत्र, धार्मिक आस्थाको रुपमा रहेको मन्दिर, गुम्बा, मरुवा, चर्च आदिको संरक्षण तथा सम्बर्धन गरिनेछ ।
- थारु संस्कृति संरक्षण तथा पुखौंली सिप संरक्षण गर्न वडघर, गुरुवा सुडेनी लगायतलाई सहयोग पुग्ने गरी कार्यक्रम संचालन गर्न समन्वय गरिनेछ ।
- परम्परागत प्रयोगमा रहेको ढिकी, जाँतो, तथा तोरी पेल्ने कोल, छत्री, ढकिया, हेल्का, पखई, ढडिया, माछा मार्न बुनेको जाल लगायतका अन्य परम्परागत औजारहरु भावी पुस्ताको नासोको रुपमा संरक्षण गर्न विशेष पहल गरिनेछ । यसका लागि विशेष संग्रहालयको निर्माण गरिनेछ ।
- परम्परागत थारु संस्कृती, बाजा, अन्य संस्कृती, नाच तथा पन्चेबाजा, संरक्षण र प्रवर्द्धन गर्न आवश्यक पोशाक र बाजा मर्मतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- मधुवनको चिनारीको रुपमा रहेको डल्ला होमस्टे प्रवर्द्धन र विकासमा बिशेष जोड दिईनेछ ।

सभासदस्यज्यूहरु,

**(ग) भौतिक पूर्वाधार तथा सहरी विकास**

- नगर गुरुयोजना निर्माण गरी भौतिक पूर्वाधार विकासको कार्यहरुलाई व्यवस्थित गरिनेछ ।
- नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा नगरपालिकाको मुख्यमुख्य चोक, सडक, जंगली क्षेत्र, बजार क्षेत्रहरुमा सडक बत्ति, मिनिमस्ट तथा हाईमस्ट बत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ ।
- नगर भित्र रहेका खुल्ला सार्वजनिक स्थानको लगत अध्यावधिक गरी संरक्षण गर्ने नीति लिइनेछ ।
- व्यापारीक भवन तथा सार्वजनिक भवन निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री एवं वातावरण मैत्री बनाइनेछ ।

- सघन सहरी विकास कार्यक्रमको लागि योजनाहरुको विस्तृत अध्ययन कार्य सम्पन्न गरिनेछ ।
- मधुवन नगरपालिकाको भौतिक निर्माण क्षेत्रको समग्र विकासका लागि संघिय सरकार, प्रदेश सरकार, अन्य दातृ निकाय, संघसंस्था, निजि क्षेत्र, वित्तीय क्षेत्रसँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ ।
- घर बीमा कार्यलाई अनिवार्य गराउने नीति लिईनेछ ।
- राष्ट्रिय भवन निर्माण आचारसंहितालाई लागू गरी अनिवार्य रुपमा नक्सा पास गरेरमात्रै पक्की घर निर्माण गर्न सबै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । अगामी आर्थिक वर्षमा घरनक्सा अभिलेखिकरणको कार्यलाई वर्षैभरी निरन्तरता दिइनेछैन ।
- निर्माण प्रक्रियामा रहेका पुराना र संचालित आयोजनाहरु यसै आर्थिक वर्षमा सम्पन्न गराउन प्राथमिकता दिई आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- आ.व. २०८२/०८३ मा मुख्य बजार क्षेत्रमा सी.सी. क्यामेरा जडान गरी नगर सुरक्षालाई व्यवस्थित गरिनेछ ।
- निर्मित नगर सडक गुरुयोजनाको कार्यान्वयन गरिनेछ । ढल निकास तथा विपद्जन्य जोखिमको न्यूनीकरण गरिनेछ ।
- मधुवन रिङ्ग रोडको दीर्घकालिन रुपमा फरक नपर्ने तरिकाले रेखाङ्कन गरी निर्माण प्रक्रियालाई प्रारम्भ गरिनेछ ।
- समयमै निर्माण व्यवसायीहरुबाट निर्माण कार्य सम्पन्न गर्न अनिवार्य रुपमा कार्यक्रमको आवधिक कार्यसूची पेश गर्न अनिवार्य गराइनेछ साथै समयमै काम नगर्ने निर्माण व्यवसायीहरुलाई नकारात्मक सुचिमा राखिनेछ ।
- सबै विद्यालय र स्वास्थ्य चौकीहरुलाई कालोपत्रे सडकले जोडिनेछ ।
- निर्माण भएका सडक तथा अन्य संरचनाहरुको दिगो उपयोगको लागि मर्मत संभार कोषको व्यवस्थापन गरी नियमित मर्मत संभारको कार्यहरु अगाडी बढाइनेछ ।
- जोखिम संवेदनशिल भू उपयोग योजना बनाई कार्यान्वयन गरिनेछ ।
- नगरको पूर्वाधार विकासको गुणस्तर जाँच गर्न नगरको आफ्नै ल्याबको स्थापना गरी संचालन गरिनेछ ।
- बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसँग सहकार्य गरी इन्डकसन चुलो वितरण वायोग्याँस निर्माण तथा बिद्यालय र वडा कार्यालयहरुमा सोलार जडान गरिनेछ ।
- नगरपालिका भित्र रहेका खानेपानी संस्थाहरुको पानीको गुणस्तर नाप्नका लागि आवश्यक कर्मचारी सहित ल्यावको व्यवस्था गर्न पहल गरिनेछ ।

सभासदस्यज्यूहरु,

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन**

- विपद् व्यवस्थापनको लागि विभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

- बिपदमा परेकालाई तत्काल उद्धार, राहत र अन्य सहयोगका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् कोषमा छुट्याईको रकमलाई विपदमा मात्र खर्च गर्ने र  खर्च हुन नसकेको रकमलाई कोषमै रहने (अनतीकम्य) व्यवस्था मिलाइनेछ ।
- नेपाल प्रहरी, शसस्त्र प्रहरी बल तथा नेपाली सेनाको समन्वयमा विपद् प्रतिकार्य सँग सम्बन्धित तालिम संचालन गरिनेछ ।
- वातावरणीय सन्तुलनलाई दिगो बनाउन नगर क्षेत्र भित्र प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहन गरि स्थानिय उत्पादन प्रयोगमा जोड दिई वातावरण प्रदुषणमा कम गर्ने नीति लिइनेछ ।
- नगरलाई सफा राख्न वातावरण संरक्षणका लागि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् जोखिम न्युनिकरणका लागि जोखिमयुक्त क्षेत्र पहिचान तथा नक्साङ्कन गरिनेछ ।
- स्थानीय स्तरमा सामुदायिक वनहरु संग साझेदारी गरी सामुदायिक वनमा जडिबुटी तथा फलफुल खेतीको कार्यलाई अगाडी बढाई आय आर्जन तथा रोजगारी वृद्धि गरिनेछ ।
- रित्तिदै गएको जमिन मुनिको पानी पुनर्भरणका लागि सरोकारवाला संस्था, खानेपानी संस्था र नगरपालिकाको संयुक्त प्रयासमा नयाँ सिमसार क्षेत्र निर्माण लगायत पुराना पोखरी पुनर्भरणमा जोड दिइनेछ ।
- दिशा जन्य लेदो पदार्थ व्यवस्थापनको लागि निर्मित संरचना संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि नगरले छनौट गरेको स्थानमा फोहोरमैला संकलन तथा प्रशोधन केन्द्र निर्माण गरी सफा स्वस्छ नगर निर्माण गर्ने नीति लिइनेछ ।
- कृषि तथा शहरी क्षेत्रबाट निस्किने फोहोरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- नगरभित्रका पिक्निक स्थलहरु/ताल झरनालाई पर्यापर्यटकीय स्थलको रुपमा विकास गर्न निजि क्षेत्र संग साझेदारीको नीति लिइनेछ ।
- जलवायु परिवर्तन, विपद् व्यवस्थापन र बाढी उत्थानशिलता सम्बन्धि विषयवस्तु स्थानिय पाठ्यक्रममा समेत समेटी विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्दै उनिहरुका माध्यमबाट समुदाय स्तरमा जनचेतना फैलाउने कार्य गरिनेछ ।
- विपद् तथा जलवायु उत्थानशिल योजना (LDTRP) कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।
- बहुप्रकोपमा आधारित विपद् प्रभावित उद्धार र राहत सम्बन्धि मापदण्ड तयार गरी लागु गरिनेछ ।
- विपद् पुर्वतयारी तथा कार्ययोजना अध्यावधिक गर्नुका साथै, स्थानीय आपतकालीन कार्य संचालन केन्द्र व्यवस्थापन गर्दै बाढी पुर्व सूचना प्रणालीको सुदृढीकरण गरिनेछ ।
- मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणकाबारे अध्ययन गर्न बनेको प्राविधिक समितीको सुझाव ग्रहण गर्दै कार्यान्वयन गरिनेछ ।
- वनको दिगो व्यवस्थापनका लागि स्थानीय वन परियोजना तयार गरी लागु गरिनेछ ।

- बाढी प्रकोप जोखिम न्युनिकरण तथा उत्थानशिलताको लागि प्रकृतिमा आधारित समाधानका उपायहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सव डिभिजन वन कार्यालयसँग साझेदार गरी ५ लाख विरुवा उत्पादन गरी वितरण गरिनेछ
- स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रलाई २४ सै घण्टा सञ्चालन गर्ने वातावरण मिलाईनेछ ।
- बनमा आधारित जडिबुटीको खोज, अनुसन्धान, उत्पादन, संकलन, तथा प्रशोधनका निम्ति आवश्यक सुझाव दिन एक समिति गठन गरी आवश्यक राय संकलन गरी प्राप्त रायका आधारमा जडिबुटी विकासका विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- आगलागी नियन्त्रणमा समेत सहयोग पुग्ने हुँदा सडेगलेका पातपतिंगरबाट प्रारङगरिक मल बनाउने कारखाना स्थापना गर्न पहल गरिनेछ ।
- नदि कटान रोक्न तथा वनमा भैरहेको अविकरण रोक्न स्थानिय समुदायको साझेदारीमा बाँस खेती गरि तटीय तथा झरन क्षेत्रमा वृक्षारोपण कार्यक्रम गरिनेछ ।
- वन तथा वातावरण संरक्षण तथा आय आर्जनको लागि स्थानीय समुदायिक वन तथा खाता सामुदायिक समन्वय समितिसँग सहकार्य गरिनेछ ।
- वन/वन्यजन्तको आक्रमणबाट ज्यानै गुमाएका परिवारलाई राहतको कार्यकम राखिनेछ साथै मृतक व्यक्तिको स्मृतीमा शालिकको निर्माण गर्न आवश्यक कार्य गरिनेछ ।
- समस्याग्रस्त, चोटपटक लागेका तथा घाइते बिरामी जंगली जनावर राख्न प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी उपयूक्त स्थानमा "निकुञ्जिका" स्थापना गरी पर्यटन प्रर्वद्धन गरिनेछ ।
- म्धुवन नगरपालिकामा सहासिक पर्यटन प्रर्वद्धन गर्न जंगल ट्रेलको नक्साकंन गरिनेछ । साथै ठाँउ ठाँउमा ट्रि हाउस निर्माण गर्न पहल गरिनेछ ।
- मानव वन्यजन्तु द्धन्द न्यूनीकरणको लागी विशेष र नेतृत्वदायी पहल लिईनेछ ।

सभासदस्यज्यूहरु,

**(ङ) सुशासन तथा संस्थागत विकास**

- नगरको कार्यसम्पादन उच्च बनाउनका लागि O&M सर्वेक्षण गरी कर्मचारीतन्त्रलाई चुस्त दुरुस्त बनाइनेछ ।
- आगामी आर्थिक बर्षमा आर्थिक सर्वेक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण लगायत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी सूचक तथा नतिजाका आधारमा कार्यसम्पादनलाई अझ वस्तुनिष्ठ बनाउदै लगिनेछ ।
- जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटो छरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आबद्ध गरिनेछ ।

- प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बिच कार्यसम्पादन करार गरी कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाइनेछ ।
- प्रशासनिक निर्णय प्रक्रिया सरलीकरण मार्फत सेवा प्रवाह चुस्त दुरुस्त बनाईनेछ ।
- गैर बजेटरी आयोजना, कार्यक्रम र खर्चलाई दुरुत्साहन गरी वित्तिय अनुशासन तथा बजेट अनुशासन कायम गर्ने नीति लिईनेछ । संघीय प्रादेशिक र यस नगरपालिकाको योजनाहरुबीचमा तालमेल कायम गरिनेछ ।
- नगरपालिकाबाट हुने प्रशासनिक निर्णय प्रक्रिया तथा आर्थिक कारोबारमा अनुशासन कायम गरी बेरुजु घटाउने नीति लिईनेछ । हालसम्मको बेरुजु फछ्र्यौटका लागि कार्य योजना बनाई वित्तिय सुशासनमा जोड दिईनेछ ।
- जनताको रचनात्मक सुझावलाई सम्मान गर्दै गुनासोलाई छिटो भन्दा छिटो सम्बोधन गरिनेछ ।
- प्रत्येक वर्ष कर्मचारीलाई कार्यसम्पादन मुल्यांकनका आधारमा उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ ।
- उत्पादनमुलक एवं प्रतिफल दिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ साथै चालु खर्चलाई निश्चत सीमा भित्र व्यवस्थापन गरिनेछ । अनुत्पादक रुपमा संचालन भएका भ्रमणहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।
- विषयगत समितिहरुलाई क्रियाशिल बनाईनेछ । समितिले आफूले गरेको कामको त्रैमासिक प्रतिवेदन कार्यपालिकामा अनिवार्य पेश गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरबाट सम्पादन हुने हरेक क्रियाकलापहरुमा विषयगत समितिको जवाफदेही भूमिका रहनेगरी कार्यसम्पादनलाई अझ वस्तुनिष्ठ बनाइनेछ ।
- जनप्रतिनिधीहरुको आचार संहिता बनाई लागु गर्नुपर्नेमा हाल सम्म नबनेकाले आचार संहिता बनाई लागु गरिनेछ ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, प्रविधीमैत्री, पारदर्शी र गुणस्तरीयता कायम गर्दै हरेक सेवालाई अनलाइन सेवामा रूपान्तरण गरी बस्तु निष्ठ बनाईनेछ ।
- स्थानीय तहको कार्यबोझ, कार्यचाप, कार्य जोखिमलाई सम्बोधन गर्नका लागी उत्प्रेरणा स्वरुप कर्मचारीलाई दिईदै आएको प्रोत्साहन भत्तालाई वस्तुनिष्ठ बनाउन कार्यबिधी बनाई लागु गरिनेछ ।
- नगरपालिका तथा अन्तर्गत कार्यालयहरुबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा GOMIS सफ्टेवयरको प्रयोगमा जोड दिईनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिम संचालन गरिनेछ कर्मचारीको वृत्ति विकासको लागि सम्बन्धित निकायसँगको साझेदारीमा अल्पकालिन तथा सेवा कालिन तालिम संचालन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

- नगरपालिकाबाट संचालित कार्यक्रमहरुको वार्षिक समिक्षा तथा सामाजिक परिक्षणको साथसाथै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडास्तरमा सार्वजनिक सुनुवाई कार्यक्रमहरुलाई निरन्तरता गरिनेछ ।
- सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै डिजिटल नागरिक वडापत्र, नागरिक सेवा केन्द्र आदिको व्यवस्था गर्दै सेवा लिन आवश्यक पर्ने आवेदन फारामहरु नगरपालिकाको वेबसाईटबाट समेत प्राप्त गर्ने सक्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाबाट कार्यान्वयन हुने योजना, कार्यक्रमहरुमा वित्तिय जोखिम न्यूनिकरण गर्न निर्माण र खरिद प्रकृयालाई बढी पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन विद्युतिय ठेक्का प्रक्रिया (E–Bidding) मा जोड दिइनेछ ।
- नगरपालिकाको विकासका लागि नगरवासी, निजी क्षेत्र, नागरिक संस्थाहरु, बुद्धिजीवीहरु, विश्वविद्यालय, क्याम्पससँग संलग्नता र साझेदारी गर्ने नीति लिइनेछ ।
- सार्वजनिक खर्च र अनुगमनमा दक्षता अभिवृद्धि गरिनेछ । नगरपालिकाबाट भुक्तानी हुने रकम सोझै सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा जम्मा हुने विद्युतीय माध्यमबाट रकम भुक्तानि (Electronic Fund Transfer) प्रणालीलाई अधिकतम प्रयोग गर्दै नगरपालिकाबाट चेक जारी गर्ने कार्यको अधिकतम रुपमा अन्त्य गरिने छ ।
- आगामी आ.व. देखि नगरको आफ्नै चमेना गृह निर्माण गरी संचालनमा ल्याउने प्रक्रिया अगाडी बढाइनेछ ।
- दरबन्दीभित्र रहेका करार सेवामा रहेका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना तर्फ**

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरणलाई थप प्रभावकारी बनाउँदै सामाजिक सुरक्षा भत्ता सहज तरिकाबाट प्रदान गर्नका लागि बैंकहरुसँग सहकार्य निरन्तरता गरिनेछ ।
- व्यक्तिगत घटना दर्तालाई नेपालले अन्तराष्ट्रिय मञ्चमा गरेको प्रतिवद्धता अनुरुप जन्म दर्ता शतप्रतिशत पुऱ्याउने लक्ष्यका साथ यस आर्थिक वर्षमा पनि विद्यालय तथा स्वास्थ्य संस्थासँग थप समन्वय गरी ३५ दिनभित्रै जन्म दर्तालाई शतप्रतिशत गराउन विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

आदरणीय नगरसभाका सदस्यज्यूहरु,

अब म आगामी आर्थिक बर्ष ०८२/०८३ मा माथि उल्लेखित क्षेत्रहरुमा उच्चतम प्रतिफल प्राप्त गर्नका लागि राजश्व तथा श्रोत परिचालन सम्बन्धी नीतिहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## राजश्व तथा श्रोत परिचालन

- नगर समृद्धिको आधार आन्तरिक आयको विस्तार भन्ने मूल नारालाई आत्मसाथ गर्दै नदी तथा वन, लगायतका प्राकृतिक स्रोतमा चुहावट नियन्त्रण गर्दै सबै क्षेत्रलाई करको दायरामा ल्याउन नितिगत, संस्थागत एवं कार्यक्रम सहित नियमित अनुगमन गरिनेछ ।
- आन्तरिक आय वृद्धिको लागी नगरपालिकासँग आवद्ध सबै संयन्त्रहरु जनप्रतिनिधी, कर्मचारी, सम्वद्ध पक्षहरु तथा करदाताहरु बिच नियमित छलफल अन्तक्रिया गरि आन्तरिक आयवृद्धि गर्न तर्फ लागिनेछ ।
- नगरपालिकाभित्र करको दायरामा आउन नसकेका व्यवसायहरुलाई लक्षित गरी व्यवसाय दर्ता घुम्ति शिविर संचालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक श्रोतको उच्चतम परिचालनका लागि आर्थिक ऐनले निर्देशित गरेका कर, दस्तुर, सेवा शुल्कका क्षेत्रहरुको दायरा फराकिलो गर्दै नगरको श्रोत परिचालनमा सबै क्षेत्र र वर्गका नगरबासीहरुले आफुले आफ्नो क्षमता अनुसार योगदान गरेको महसुस गर्ने अवस्थाको सिर्जना गरिनेछ ।
- यस नगरपालिकामा वित्तीय तथा परामर्श सेवा प्रदान गर्ने व्यक्ति, संघ संस्थाहरुलाई समेत करको दायरामा प्रवेश गराएर मात्र सेवा लिने पद्दति अबलम्बन गरिनेछ ।
- कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधीकारी एवं योजनाबाट लाभान्वित उपभोक्ताहरुलाई आफूले व्यक्तिगत रुपमा बुझाउनुपर्ने सम्पत्ति कर, व्यवसाय कर र घरजग्गा वहालकर लगायत निजको दायित्वमा रहेका कर, शुल्क, दस्तुर आदि तिर्न प्रोत्साहित गरिनेछ ।
- स्रोत व्यवस्थापनलाई यथार्थ परक र व्यवस्थित गर्न ICT को प्रयोगलाई वढ्वा दिईनेछ ।
- नगरपालिकाले प्राप्त गर्नुपर्ने कर, शुल्क, दस्तुर अदिको समुचित व्यवस्थापनका लागि सरोकारवालासँग समन्वय र सहकार्य गरि अघि बढ्ने नीति लिइनेछ ।
- पूजीगत खर्च बृद्धिका लागी समयमै पूर्व तयारी गरी कार्यतालिका बनाई अगाडी बढिने छ ।
- सार्वजनिक खर्च तथा श्रोतको अधिकतम सदुपयोगका लागी आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गरिनेछ ।

## न्यायीक समिति

- न्यायिक समितिमा दर्ता हुन आएका विवाद समाधानमा सहज, सरल, छिटो छरितो, निष्पक्ष रुपमा सहजिकरण गरि दुबै पक्षलाई जितजितको अवस्थामा पुर्याई न्याय सम्पादनमा सहयोग पुर्याउन मेलमिलाप कार्यक्रमलाई दिगो र प्रभावकारी रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।
- न्यायिक समितिमा परेका उजुरीहरुमा अध्ययन गरी न्याय निरुपणमा तिव्रता ल्याईनेछ ।
- मेलमिलाप तथा बहुसरोकारवाला विवाद समाधानको लागि दक्ष जनशक्तिको उत्पादन तथा परिचालनका साथै न्यायिक समितिको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

- न्यायिक समिति कानुन इकाई, कार्यपालिका सदस्य तथा मेलमिलापकर्ताबीच नियमित रुपमा अभ्यास आदान प्रदानका कार्यक्रमका साथै अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

**विविध**

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न भूमि समस्या समाधान आयोगले गरी रहेको कामलाई थप तिब्रता दिईनेछ । अगामी आ.व. भित्र नै जग्गाधनी प्रमाण पूर्जा वितरण गरिनेछ ।
- आम उपभोक्ताको हितलाई ध्यान दिदै उपभोक्ता सचेतीकरण र खाद्य सुरक्षा सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- उपभोक्ता अधिकारलाई सुनिश्चित गर्न उपभोग्य वस्तु र सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण गर्न नियमित अनुगमन गरिनेछ ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण संघ संस्थाहरुको आवश्यकतानुसार अनुगमन तथा निरिक्षण गरिनेछ ।
- मधुवन नगरपालिकाको समग्र विकासको दिशा तय गर्न मधुवन नीति संवाद कार्यकम गरिनेछ ।
- जनतासँग नगरप्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**नगर सभा सदस्यज्यूहरु**

विगतमा भएका संस्थागत, संरचनागत, नीतिगत विकासले हामीलाई व्यवस्थित तवरले कार्यसम्पादन गर्न आधार तयार भएकोछ । कार्यसम्पादनका लागि आवश्यक कानूनको प्रबन्धले नगरपालिकाको सेवा र विकासको प्रवाहलाई थप गति दिनेछ भन्ने विश्वास लिएका छौं । हामीलाई यस कार्यमा निरन्तर राय सल्लाह र सहयोग गर्ने सबैमा हार्दिक आभार प्रकट गर्दै उच्च मुल्यांकन गर्दछु । यसै क्रममा आर्थिक बर्ष २०८२।८३ को बार्षिक नीति तथा कार्यक्रम तयारीको क्रममा सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सबै राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, नगरपालिकाका सल्लाहकार ज्यूहरु, गैर सरकारी निकायका प्रतिनिधीज्यूहरु, नागरिक समाजका अगुवा, पत्रकारमित्रहरु, नगरपालिकाका सबै कर्मचारीहरु लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !!!